Embassy of the United States
Public Affairs Office
Kathmandu, Nepal
Tel: 400-7200
December 18, 2007

## Application Fees for U.S. Non-Immigrant Visas to Increase

Effective January 1, 2008, the application fee for a U.S. non-immigrant visa will increase from $100 to $131. This increase allows the U.S. Department of State to recover the costs of security and other enhancements to the non-immigrant visa application process.

Applicants who paid the prior $100 application fee before January 1 will be processed only if they are scheduled and appear for a visa interview before January 31. Applicants who paid the prior $100 application fee and appear for visa interviews after January 31, 2008 must pay the difference -- $31 -- before they will be interviewed.

The Department is required by law to attempt to recover the cost of processing non-immigrant visas through the collection of the Machine-Readable Visa application fee. The last time the application fee was increased was in 2002.

####

अमेरिकी राजदूतावास
पब्लिक अफेयर्स कार्यालय
काठमाडौं, नेपाल
फोन : ४००-७२००
डिसेम्वर १८, २००७

## अमेरिकी गैरआप्रवासी भिसा आवेदन शुल्कमा बृद्धि

जनवरी १, २००८ देखि लागु हुने गरी अमेरिकी गैरआप्रवासी भिसाको आवेदन शुल्क साविकको १०० डलरबाट बढेर १३१ डलर हुनेछ । यो बृद्धिले अमेरिकी विदेश मन्त्रालयलाई गैरआप्रवासी भिसा आवेदन प्रक्रियासम्बन्धी सुरक्षा तथा अन्य व्यवस्थाहरुमा लाग्ने खर्च पूर्ति गर्न सघाउ पुऱ्याउनेछ ।

जनवरी १ भन्दा अगाडि १०० डलर आवेदन शुल्क बुझाएका आवेदकहरुको अन्तर्वार्ता जनवरी ३१ भन्दा अगाडि परेको छ भने वहाँहरुको आवेदन प्रक्रिया अगाडि बढाइनेछ । जनवरी ३१ भन्दा पछि अन्तर्वार्ता निर्धारित भएका आवेदकहरुले अन्तर्वार्ता अगाडि नपुग रकम अर्थात ३१ डलर बुझाउनुपर्नेछ ।

कानुनअनुसार, विदेश मन्त्रालयले मसिनद्वारा पढ्न सकिने भिसा (Machine-Readable Visa) को आवेदन शुल्कमार्फत भिसा प्रक्रियामा लाग्ने खर्च पूर्ति गर्नेतर्फ प्रयत्न गर्नुपर्ने हुन्छ । यसअघि अन्तिम पटक सन् २००२ मा भिसा आवेदन शुल्क बढाइएको थियो ।

####